## विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था एवम् अन्य निकायहरुलाई जारी गरिएको “एकीकृत परिपत्र -२०७४” मा गरिएका संशोधन/परिमार्जन/थप व्यवस्थाहरु सम्बन्धी तालिका

| क्र.सं. | इ.प्रा. परिपत्र संख्या | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | **१/२०७४** को १.१.१ को (क) को (३) को (उ) मा संशोधन | भुक्तानीको किसिम (Sight Payment, Usance भए कति समयको र Deferred Payment भएमा कति प्रतिशत डकुमेन्ट प्राप्त भएपछि र कति प्रतिशत सम्पूर्ण सामान प्राप्त भएपछि भुक्तानी हुने हो सो कुरा खुल्ने विवरण आदि) | भुक्तानीको किसिम (Sight Payment, **Mixed Payment**, Usance भए कति समयको र Deferred Payment भएमा डकुमेन्ट प्राप्त भएपछि कति प्रतिशत र सम्पूर्ण सामान प्राप्त भएपछि कति प्रतिशत भुक्तानी हुने हो सो कुरा खुल्ने विवरण आदि) |
| २. | **१/२०७४** को १.१.१ को (क) को (३) को (ऊ) मा संशोधन | **कम्तीमा आठ Digit** को हार्मोनिक कोड नं. | **तोकिए बमोजिम**को हार्मोनिक कोड नं. |
| ३. | **१/२०७४** को १.१.२ मा संशोधन | माथि दफा १.१.१ को खण्ड (क) मा उल्लिखित Proforma Invoice, Indent वा Contract Paper का आधारमा आयात प्रतीतपत्र खोलिसकेपछि Beneficiary र Applicant दुबैको स्वीकृतिमा त्यस प्रतीतपत्र उपर संशोधन गर्नुपरेमा नियमानुसार संशोधन गर्न सकिनेछ । (**द्रष्टव्य:** प्रतीतपत्र खोल्दा वा संशोधन गर्दा All Discrepancies Acceptable भन्ने जस्ता Clause राख्न पाइने छैन) | माथि दफा १.१.१ को खण्ड (क) मा उल्लिखित Proforma Invoice, Indent वा Contract Paper का आधारमा आयात प्रतीतपत्र खोलिसकेपछि Beneficiary र Applicant दुबैको स्वीकृतिमा त्यस प्रतीतपत्र उपर संशोधन गर्नुपरेमा नियमानुसार संशोधन गर्न सकिनेछ ।<br>**यसरी** प्रतीतपत्र खोल्दा वा संशोधन गर्दा All Discrepancies Acceptable भन्ने जस्ता Clause राख्न पाइने छैन । |
| ४. | **१/२०७४** को १.१.३ को (क) तथा अन्य विभिन्न परिपत्रहरुमा संशोधन | Opening Bank<br>Negotiating Bank | Opening Bank को सट्टामा **Issuing Bank** र<br>Negotiating Bank को सट्टामा **Nominated Bank** |
| ५. | **१/२०७४** को १.१.३ को (ङ) मा अन्तिम वाक्य हटाई आवश्यक संशोधन गएिको । | Negotiating Bank बाट प्राप्त भएका आयात प्रतीतपत्र सम्बन्धी कागजातहरु (L/C Documents) प्रतीतपत्रको सेटलमेन्ट पछि आयातकर्ताको सामान भारतीय वन्दरगाहबाट छुटाउने प्रयोजनको लागि दरपीठ गरी हस्तान्तरण गर्दा आयातकर्ताको आवश्यकता अनुसार उसैले तोकेको क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टको नाममा दरपीठ गरी हस्तान्तरण गर्नु पर्नेछ । **यस** | **Nominated Bank** बाट प्राप्त भएका आयात प्रतीतपत्र सम्बन्धी कागजातहरु (L/C Documents) प्रतीतपत्रको सेटलमेन्ट पछि आयातकर्ताको सामान भारतीय वन्दरगाहबाट छुटाउने प्रयोजनको लागि दरपीठ गरी हस्तान्तरण गर्दा आयातकर्ताको आवश्यकता अनुसार उसैले तोकेको क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टको नाममा दरपीठ गरी हस्तान्तरण गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | **प्रयोजनका लागि बैंकहरुले क्लियरिङ्ग एण्ड फरवार्डिङ्ग एजेन्टहरुको प्यानल खडा गरी सोही प्यानलमा रहेका एजेन्ट तथा कम्पनीहरु मार्फत मात्र कारोवार गर्नुपर्नेछ ।** | |
| ६. | १/२०७४ को १.१.४ को (ख) मा संशोधन | वि.वि.नि.फाराम नं. ४ तयार गर्नु पर्ने : प्रतीतपत्र खोल्दा यसै परिपत्रसाथ संलग्न नमुना बमोजिमको ४ प्रति वि.वि.नि. फा.नं. ४ तयार गरी देहाय बमोजिम गर्नुपर्नेछ : | वि.वि.नि.फाराम नं. ४ तयार गर्नु पर्ने : **प्रतीतपत्रको भुक्तानी/स्वीकार** गर्दा यसै परिपत्रसाथ संलग्न नमुना बमोजिमको ४ प्रति वि.वि.नि. फा.नं. ४ तयार गरी देहाय बमोजिम गर्नुपर्नेछ : |
| ७. | १/२०७४ को १.१.४ को (ख) को (५) लाई परिमार्जन गरिएको । | यसरी पठाएको वि.वि.नि.फाराम नं.४ जारी भएको मितिले तीन महिनासम्म (तल दफा १.१.५(क) को (३) मा उल्लेख भए बाहेक) पनि भन्सार कार्यालयबाट (सामान नेपाल भित्रिएको प्रमाण स्वरुप) फिर्ता नआएमा त्यस्ता प्रतीतपत्रको कारोवार गर्ने आयातकर्ताहरुको फेहरिस्त उक्त तीन महिना समाप्त भए पश्चात् आउने महिनाको पहिलो सात दिन भित्र सम्बन्धित बैंकले यस बैंकलाई उपलव्ध गराउनु पर्ने । | यसरी पठाएको वि.वि.नि.फाराम नं.४ जारी भएको मितिले तीन महिनासम्म (तल दफा १.१.५ को **(च) को (२)** मा उल्लेख भए बाहेक) पनि भन्सार कार्यालयबाट (सामान नेपाल भित्रिएको प्रमाण स्वरुप) फिर्ता नआएमा त्यस्ता प्रतीतपत्रको कारोवार गर्ने आयातकर्ताहरुको फेहरिस्त उक्त तीन महिना समाप्त भए पश्चात् आउने महिनाको पहिलो सात दिन भित्र सम्बन्धित बैंकले यस बैंकलाई उपलव्ध गराउनु पर्ने । |
| ८. | १/२०७४ को १.१.५ (च) (१) मा परिमार्जन गरिएको । | प्रतीतपत्र अन्तर्गत कुनै Document Collection को आधारमा प्राप्त हुन आएमा वा Negotiate भई आएमा समेत प्रतीतपत्र जारी गर्ने बैंकले Document प्राप्त भएपछि कागजात छुटाउने (Document Release) **गर्ने** बखतमा रकम भुक्तानी गर्नु अघि Document Value को १० (दश) प्रतिशत धरौटीको रुपमा लिई वि.वि.नि.फा.नं.४ जारी गर्नु पर्नेछ । | प्रतीतपत्र अन्तर्गत कुनै Document Collection को आधारमा प्राप्त हुन आएमा वा Negotiate भई आएमा समेत प्रतीतपत्र जारी गर्ने बैंकले Document प्राप्त भएपछि कागजात छुटाउने (Document Release) बखतमा रकम भुक्तानी गर्नु अघि Document Value को १० (दश) प्रतिशत धरौटीको रुपमा लिई वि.वि.नि.फा.नं.४ जारी गर्नु पर्नेछ । |
| ९. | १/२०७४ को १.१.५ (च) (४) मा परिमार्जन गरिएको । | (अ) प्रतीतपत्र नम्वर<br>**आयातकर्ताको नाम**<br>**व्यापारिक बीजक नम्वर**<br>(ई) बीजकमा उल्लिखित विदेशी मुद्रा रकम | (अ) प्रतीतपत्र नम्वर<br>**(आ) आयातकर्ताको नाम**<br>**(इ) व्यापारिक बीजक नम्वर**<br>(ई) बीजकमा उल्लिखित विदेशी मुद्रा रकम |
| १०. | १/२०७४ को १.१.५ को (छ) को पहिलो वाक्यमा संशोधन | माथि दफा १.१.५ को (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित बैंकले **Clean Document** को आधारमा उल्लिखित म्यादभित्र भुक्तानी गरेपश्चात् आयातकर्ताले Document छुटाउन नआएको वा आयातकर्ताले बैंकलाई भुक्तानी दिई नसकेको अवस्थामा पनि वि.वि.नि. फा.नं.४ अनिवार्यरुपले जारी गर्नु पर्नेछ । | माथि दफा १.१.५ को (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित बैंकले **Complying Presentation** को आधारमा उल्लिखित म्यादभित्र भुक्तानी गरेपश्चात् आयातकर्ताले Document छुटाउन नआएको वा आयातकर्ताले बैंकलाई भुक्तानी दिई नसकेको अवस्थामा पनि वि.वि.नि. फा.नं.४ अनिवार्यरुपले जारी गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| ११. | १/२०७४ को १.१.५ को (थ) को (२) लाई स्पष्ट पारिएको । | रासायनिक मलको आयात प्रतीतपत्र खोलिसकेपछि प्रतीतपत्र रकम बराबरको मल आयात नभएमा सम्बन्धित बैंकले त्यस्ता सुरक्षणपत्र रोक्का गरी ७ (सात) दिनभित्र यस विभागलाई अनिवार्यरूपमा जानकारी गराउनुपर्ने । | रासायनिक मलको आयात प्रतीतपत्र खोलिसकेपछि प्रतीतपत्र रकम बराबरको मल आयात नभएमा सम्बन्धित बैंकले त्यस्ता सुरक्षणपत्र रोक्का गरी ७ (सात) **कार्य** दिनभित्र यस विभागलाई अनिवार्यरूपमा जानकारी गराउनुपर्ने । |
| १२. | १/२०७४ को १.१.५ (ट) को पहिलो वाक्यांश स्पष्ट पारिएको । | यदि कुनै आयातित मालसामानमा लाग्ने सम्पूर्ण भन्सार आयातित वस्तुको मूल्यको **महसूल** १० (दश) प्रतिशत भन्दा कम भएको कारण... | यदि कुनै आयातित मालसामानमा लाग्ने सम्पूर्ण भन्सार **महसूल** आयातित वस्तुको मूल्यको १० (दश) प्रतिशत भन्दा कम भएको कारण... |
| १३. | १/२०७४ को १.१.६ (थ) मा थप गरिएको । | सामान्यतया Red Clause राखी प्रतीतपत्र खोल्न पाइने छैन । तर, आफ्नै परिवर्त्य विदेशी मुद्रा खाता रहेका आयातकर्ताले प्रतीतपत्रको माध्यमबाट बस्तु संगसंगै सेवा पनि आयात गर्नु पर्ने अवस्थामा त्यस्तो परिवर्त्य विदेशी मुद्राको खातामा रहेको मौज्दातबाट अग्रिम भुक्तानी पठाउन सक्नेछन । यसरी आयात गरिने सेवाको अंश भने कुल प्रतितपत्र मूल्यको १० प्रतिशत भन्दा बढी हुनुहुने छैन । यस्तो अवस्थामा सम्बन्धित बैंकले भुक्तानी भए अनुरूपको वस्तु/सेवा आयात भए/नभएको बारे अनिवार्य रूपमा अनुगमन गर्नुपर्नेछ र कथम्कदाचित तोकिएको समयभित्र उक्त वस्तु/सेवा आयात भएको नपाइएमा अनिवार्य रूपमा यस विभागलाई जानकारी दिनुपर्नेछ । | सामान्यतया Red Clause राखी प्रतीतपत्र खोल्न पाइने छैन । तर, आफ्नै परिवर्त्य विदेशी मुद्रा खाता रहेका आयातकर्ताले प्रतीतपत्रको माध्यमबाट बस्तु संगसंगै सेवा पनि आयात गर्नु पर्ने अवस्थामा त्यस्तो परिवर्त्य विदेशी मुद्राको खातामा रहेको मौज्दातबाट अग्रिम भुक्तानी पठाउन सक्नेछन । यसरी आयात गरिने सेवाको अंश भने कुल प्रतितपत्र मूल्यको १० प्रतिशत भन्दा बढी हुनुहुने छैन । यस्तो अवस्थामा सम्बन्धित बैंकले भुक्तानी भए अनुरूपको वस्तु/सेवा आयात भए/नभएको बारे अनिवार्य रूपमा अनुगमन गर्नुपर्नेछ र कथम्कदाचित तोकिएको समयभित्र उक्त वस्तु/सेवा आयात भएको नपाइएमा अनिवार्य रूपमा यस विभागलाई जानकारी दिनुपर्नेछ । **तर, सेवा आयात गर्दा औचित्यताको आधारमा कुल सेवा आयातको बढीमा १० प्रतिशतसम्म अग्रिम भुक्तानी पठाउन सकिनेछ ।** |
| १४. | १/२०७४ को १.१.६ (भ) मा परिमार्जन | यस सम्बन्धमा हार्मोनिक कोड नम्बर उल्लेख गर्दा नेपाल सरकार, भन्सार विभागले प्रकाशित गर्ने भन्सार महशुल दरबन्दी किताबमा उल्लेख गरे अनुरुप **कम्तीमा ८ (आठ) अङ्क**को कोड नं. अनिवार्यरूपले उल्लेख गर्नुपर्नेछ । उपर्युक्त **आठ अङ्कको** कोड नं. अनिवार्य रूपले Proforma Invoice मा नै उल्लेख भएको हुनुपर्ने तथा प्रतीतपत्रमा समेत उल्लेख गर्नुपर्नेछ । | यस सम्बन्धमा हार्मोनिक कोड नम्बर उल्लेख गर्दा नेपाल सरकार, भन्सार विभागले प्रकाशित गर्ने भन्सार महशुल दरबन्दी किताबमा उल्लेख गरे अनुरुपको कोड नं. अनिवार्यरूपले उल्लेख गर्नुपर्नेछ । उपर्युक्त कोड नं. अनिवार्य रूपले Proforma Invoice मा नै उल्लेख भएको हुनुपर्ने तथा प्रतीतपत्रमा समेत उल्लेख गर्नुपर्नेछ । |
| १५. | १/२०७४ को १.१.११ (त्र) मा संशोधन | नेपाली निर्यातकर्ताहरूले आफूले प्राप्त गरेको प्रतीतपत्रको आधारमा निर्यात गर्दा प्रतीतपत्रमा उल्लेख गरेका सम्पूर्ण Terms and Conditions हरू पालना हुन्छ भने त्यस्ता **क्लिन (Clean) डकुमेण्टहरू**को Negotiation वा Purchase गर्दा साख सूचना आवश्यक पर्ने छैन । | नेपाली निर्यातकर्ताहरूले आफूले प्राप्त गरेको प्रतीतपत्रको आधारमा निर्यात गर्दा प्रतीतपत्रमा उल्लेख गरेका सम्पूर्ण Terms and Conditions हरू पालना हुन्छ भने त्यस्ता **Complying Presentation** को Negotiation वा Purchase गर्दा साख सूचना आवश्यक पर्ने छैन । |

| | | | |
|---|---|---|---|
| १६. | **१/२०७४** को १.१.१३ (ग) को अन्तिम वाक्याशं स्पष्ट पारिएको । | त्यस्तो प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति **रूपले** लिनुपर्नेछ । | त्यस्तो प्रतीतपत्र खोल्नु अघि नेपाल सरकार, वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ । |
| १७. | **१/२०७४** को १.१.१५ मा संशोधन | **देहायका वस्तुहरु पैठारीका लागि पूर्ण बन्देज गरिएको छ :**<br>(क).....<br>देखि<br>(झ)....सम्म | **निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अर्न्तगत नेपाल सरकारले समय समयमा निकासी पैठारी गर्न पूर्ण वा परिमाणात्मक बन्देज लगाएका वस्तुहरु सोही बमोजिम हुनेछ ।** |
| १८. | **१/२०७४** को १.१.२२ को पहिलो हरफमा संशोधन | अग्रीम रकम प्राप्त भएको आधारमा तेस्रो मुलुकको सामान नेपाल बाहेक अन्य मुलुकमा व्यापार गर्न पाइने व्यवस्था :<br>विदेशबाट अग्रीम रुपमा विदेशी मुद्रा प्राप्त भएको प्रमाण प्रतितपत्र खोल्ने बैंकमा प्राप्त भैसकेपछि सोको आधारमा तेस्रो मुलुकका सामान विभिन्न पोर्टहरु मार्फत नेपाल नभित्र्याई सिधै मध्यस्थता व्यापार अन्तर्गत नेपाल बाहेक अन्य मुलुकमा प्रतीतपत्र मार्फत् अन्तराष्ट्रिय प्रचलन अनुरुप निर्यात व्यापार गर्न सकिनेछ । | अग्रीम रकम प्राप्त भएको आधारमा **भारत तथा** तेस्रो मुलुकको सामान नेपाल बाहेक अन्य मुलुकमा व्यापार गर्न पाइने व्यवस्था :<br>विदेशबाट अग्रीम रुपमा विदेशी मुद्रा प्राप्त भएको प्रमाण प्रतितपत्र खोल्ने बैंकमा प्राप्त भैसकेपछि सोको आधारमा **भारत तथा** तेस्रो मुलुकका सामान विभिन्न पोर्टहरु मार्फत नेपाल नभित्र्याई सिधै मध्यस्थता व्यापार अन्तर्गत नेपाल बाहेक अन्य मुलुकमा प्रतीतपत्र मार्फत् अन्तराष्ट्रिय प्रचलन अनुरुप निर्यात व्यापार गर्न सकिनेछ । |
| १९. | **१/२०७४** को दफा (१.२.२) खण्ड (घ) मा संशोधन | भारत **र भुटान**बाट हुने आयातको हकमा भारतीय रुपैयाँमा मात्र भुक्तानी गर्नुपर्नेछ । | भारतबाट हुने आयातको हकमा भारतीय रुपैयाँमा मात्र भुक्तानी गर्नुपर्नेछ । |
| २०. | **१/२०७४** को १.९ (ग) को बुँदा नं. २ लाई स्पष्ट पारिएको । | वस्तु आयात गर्दाको हकमा टि.टि.मार्फत आयात गर्न तोकिएको सीमाभन्दा बढी रकमको आयात गर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ । | वस्तु आयात गर्दाको हकमा टि.टि.मार्फत आयात गर्न तोकिएको सीमाभन्दा बढी रकमको आयात गर्ने भएमा विदेशी बैंकको बैंक ग्यारेण्टी आवश्यक पर्नेछ । **तर यसरी आयात गर्दा दफा १.७ मा उल्लेखित व्यवस्थाहरुको पालना भएको हुनुपर्नेछ ।** |
| २१. | **१/२०७४** को दफा (१.१०.१) खण्ड (ग) मा संशोधन | यस्तो रकम बढीमा मासिक **अमेरिकी डलर ३ हजार**का दरले वार्षिक **अमेरिकी डलर ३६ हजार**सम्म भुक्तानी गर्न सकिनेछ । | यस्तो रकम बढीमा मासिक **अमेरिकी डलर ५ हजार**का दरले वार्षिक **अमेरिकी डलर ६० हजार**सम्म भुक्तानी गर्न सकिनेछ । |
| २२. | **१/२०७४** को दफा (१.११.१) खण्ड (च) को | **भारतबाट प्रतितपत्र मार्फत उधारोमा सामान आयात गर्ने आयातकर्ताले वि.वि.नि.फा.नं. ४(ग) माग गरेमा आयात गरिने सामानको L/C value को १० प्रतिशत धरौटी लिई सो व्यहोरा** | **प्रतितपत्रमार्फत उधारोमा सामान आयात गर्दा प्रतितपत्रमा उल्लेख भएको भुक्तानीको शर्त बमोजिमको अवधिभित्र भुक्तानी पठाउनु पर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| | (५) पछिको दोस्रो हरफ संशोधन | **खोली भन्सार कार्यालयको नाममा वि.वि.नि.फाराम जारी गर्न सकिने छ । तर, यसरी सामान आयात गर्दा सामान भित्रिएको ९० दिन भित्र भुक्तानी पठाउनु पर्नेछ । यस्तो धरौटी रकम आयातकर्ताले चाहेमा प्रतीतपत्रमा उल्लिखित भन्सार कार्यालयका नाममा एकाउण्टपेयी चेक माथि दफा १.१.५ को (ख) र (ग) मा व्यवस्था भएका खाताहरूबाट खर्च हुने गरी जारी गर्नु पर्नेछ ।** | |
| २३. | १/२०७४ को दफा (१.११.१) खण्ड (छ) लाई हटाइएको । | **भारतबाट प्रतीतपत्र अन्तरगत मालसामान आयात गर्दा परिपत्र संख्या १ को दफा १.१ मा भएको व्यवस्था पालना हुनेगरी प्रतितपत्र सम्बन्धी कारोवार गर्नुपर्नेछ । तर, त्यस्तो आयातमा भन्सार धरौटी लिन भने अनिवार्य हुने छैन ।** | हटाइएको । |
| २४. | १/२०७४ को दफा (१.११.१) खण्ड (ठ) लाई परिमार्जन गरिएको । | नेपाली नागरिक तथा नेपालमा विधिवत दर्ता भएका फर्म, कम्पनी, संघ संस्थाले भारतस्थित नियोग, संघ, संस्था, कम्पनीसँग लिने विभिन्न सेवा शुल्क भुक्तानीको लागि भारतीय रूपैयाँ १ लाखसम्मको सटही सुविधा प्रदान गर्न सकिनेछ । यस्तो सटही सुविधा प्रदान गर्दा सटही रकमलाई पुष्टि गर्ने बील/बीजक वा अन्य कागजात र सटही माग गर्ने व्यक्ति भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म, कम्पनी, संघ संस्था आदि भएमा विधिवत दर्ता भएका अध्यावधिक प्रमाणपत्रहरूको प्रतिलिपिका साथै नियमानुसार कर लाग्ने भएमा कर दाखिला गरेको प्रमाण लिनुपर्ने छ । | नेपाली नागरिक तथा नेपालमा विधिवत दर्ता भएका फर्म, कम्पनी, संघ संस्थाले भारतस्थित नियोग, संघ, संस्था, कम्पनीसँग लिने विभिन्न सेवा शुल्क भुक्तानीको लागि भारतीय रूपैयाँ १ लाखसम्मको सटही सुविधा देहायबमोजिमका कागजातहरु लिई वाणिज्य बैंकहरुबाट प्रदान गर्न सकिनेछ :<br>१. सटही रकमलाई पुष्टि गर्ने बील/बीजक वा अन्य कागजात,<br>२. सटही माग गर्ने व्यक्ति भए निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्म, कम्पनी, संघ संस्था आदि भएमा विधिवत दर्ता भएका अध्यावधिक प्रमाणपत्रहरूको प्रतिलिपि,<br>३. कर लाग्ने भएमा नियमानुसार कर दाखिला गरेको प्रमाण । |
| २५. | १/२०७४ को दफा (१.११.१) खण्ड (ड) लाई स्पष्ट पारिएको । | माथी खण्ड (ठ) को अवस्था बाहेक नेपालमा विधिवत दर्ता भई कारोवार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/ कम्पनीसँग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिम भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको आधारमा नियमानुसार लाग्ने अग्रिम कर (TDS) दाखिला गरेको निस्सा र सटही रकम पुष्टि हुने कागजातहरुको प्रतिलिपि | माथी खण्ड (ठ) को अवस्था बाहेक नेपालमा विधिवत दर्ता भई कारोवार गर्न स्वीकृति प्राप्त गरेका नेपाली तथा विदेशी संघ/संस्था/कम्पनी आदिले भारतस्थित संघ/संस्था/ कम्पनीसँग विविध सेवा सुविधा लिने सम्झौता/सहमति बमोजिमको भारतीय रुपैयाँ ३० लाख सम्मको भुक्तानी वाणिज्य बैंकहरुबाट माथि खण्ड (ठ) मा उल्लेखित कागजातहरुका अतिरिक्त भुक्तानी गर्नु पर्ने रकमको लागि सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको पत्र लिई सटही सुविधा प्रदान |

| | | | |
|---|---|---|---|
| | | लिई वाणिज्य बैंकहरुबाट भारतीय रुपैयाँ ३० लाख सम्मको सटही सुविधा प्रदान गर्न सकिनेछ । नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (माथी खण्ड (ठ) को अवस्था बाहेक) यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ । | गर्न सकिनेछ ।<br>**भारतीय रुपैयाँ ३० लाखभन्दा माथिको भुक्तानी तथा** नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सोभन्दा कम रकममा समेत (माथी खण्ड (ठ) को अवस्था बाहेक) यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ । |
| २६. | **१/२०७४**<br>को दफा (१.११.३) खण्ड (क) को बुँदा नं. ६ लाई परिमार्जन गरिएको । | **बैंक/वित्तीय संस्थाहरूले यस बैंकसँग भारतीय रूपैंयाँ खरिद गर्दा साविकमा यस बैंकले लिने गरेको कमिसन रकम लिनु पर्ने छैन । तर प्रति १०० भा.रू.मा -।१५ पैसाका दरले बट्टा कमिसन भने लिनु पर्नेछ । यसरी लिएको कमिसनको ५० प्रतिशत रकम सम्बन्धित बैंक/वित्तीय संस्थाहरूलाई फिर्ता गर्नु पर्नेछ ।** | **बैंक/वित्तीय संस्थाहरूले यस बैंकसँग भारतीय रूपैंयाँ खरिद गर्दा सर्वसाधारण सँग लिने वट्टा दरको ५० प्रतिशतका दरले बट्टा कमिसन लिनु पर्नेछ ।** |
| २७. | **२/२०७४**<br>को दफा (१) खण्ड (च) को दोस्रो वाक्यमा संशोधन | यस विभागको लगानी शाखाको Back Office को ACU Desk ले भुक्तानी गर्नुपर्ने रकम र सो बापत लाग्ने अन्य कमिशन (यस विभागले गर्ने कारोवार दिनको विनिमय दरको आधारमा) “क” वर्गका बैंकहरुको अमेरिकी डलरको खाता खर्च गर्न **बैकिंग कार्यालयलाई पत्र लेख्ने**/Swift Message **पठाउने** र Value Date मा भुक्तानी हुने गरी भुक्तानी गर्नु पर्ने देशको केन्द्रीय बैंक मार्फत् सम्बन्धित देशको वाणिज्य बैंकको अमेरिकी डलर खातामा रकम जम्मा गर्न Payment Instruction पठाउने | यस विभागको लगानी शाखाको Back Office को ACU Desk ले भुक्तानी गर्नुपर्ने रकम र सो बापत लाग्ने अन्य कमिशन (यस विभागले गर्ने कारोवार दिनको विनिमय दरको आधारमा) “क” वर्गका बैंकहरुको **अमेरिकी डलर खाता खर्च गरी** Value Date मा भुक्तानी हुने गरी भुक्तानी गर्नु पर्ने देशको केन्द्रीय बैंक मार्फत् सम्बन्धित देशको वाणिज्य बैंकको अमेरिकी डलर खातामा रकम जम्मा गर्न Payment Instruction पठाउने । |
| २८. | **०३/२०७४**<br>(परिच्छेद- ३) १० “क” को दोस्रो वाक्यमा संशोधन | बागमती अञ्चलमा कायम रहेको **६० प्रतिशत**लाई १०० प्रतिशत मानी देहाय बमोजिम हुने गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ । | साविक बागमती अञ्चलका आठ जिल्लामा कायम रहेको **५० प्रतिशत**लाई १०० प्रतिशत मानी देहाय बमोजिम हुने गरी बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ । |
| २९. | **०३/२०७४**<br>(परिच्छेद- ३) १० “ख” को पहिलो वाक्यमा संशोधन | वागमती अञ्चल वाहिरका विभिन्न स्थानमा वितरण हुने **४० प्रतिशत** सुन बिक्री वितरणका सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ । | साविक बागमती अञ्चलका आठ जिल्ला बाहेकका अन्य सबै जिल्लाहरुमा वितरण हुने **५० प्रतिशत** सुन बिक्री वितरणका सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरिएको छ । |
| ३०. | **०३/२०७४**<br>(परिच्छेद- ३) १० “ख” को बुँदा नं. ३ को वाक्यांशमा संशोधन | अर्को व्यवस्था नभएसम्म बागमती अञ्चल बाहिरको अञ्चलहरुका लागि छुट्टाइएको **४० प्रतिशत**को हकमा सो परिमाणलाई शतप्रतिशत मानी नेपाल सुनचाँदी व्यवसायी संघले ६५ प्रतिशत, नेपाल रत्न तथा आभुषण संघले २५ प्रतिशत, नेपाल सुनचाँदी कला व्यवसायी संघले ७.५ प्रतिशत तथा नेपाल | अर्को व्यवस्था नभएसम्म साविक बागमती अञ्चलका आठ जिल्ला बाहेकका अन्य सबै जिल्लाहरुका लागि छुट्टाइएको **५० प्रतिशत**को हकमा सो परिमाणलाई शतप्रतिशत मानी नेपाल सुनचाँदी व्यवसायी संघले ६५ प्रतिशत, नेपाल रत्न तथा आभुषण संघले २५ प्रतिशत, नेपाल सुनचाँदी कला व्यवसायी संघले ७.५ |

| | | | |
|---|---|---|---|
| | | हस्तकला महासंघले २.५ प्रतिशतको सीमाभित्र रही सिफारिस गर्नु पर्नेछ । | प्रतिशत तथा नेपाल हस्तकला महासंघले २.५ प्रतिशतको सीमाभित्र रही सिफारिस गर्नु पर्नेछ । |
| ३१. | ७/२०७४ को दफा (९) खण्ड (क) को (५) मा परिमार्जन गरिएको । | **यस्तो सटही सुविधा बढीमा अमेरिकी डलर १०,००० (अमेरिकी डलर दशहजार) सम्म ड्राफ्ट/टि.टि.को माध्यमबाट मात्र गर्नुपर्नेछ ।** | **यस्तो सटही सुविधा सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको आधारमा सटही रकम पुष्टि हुने कागजातहरुको प्रतिलिपि लिई अमेरिकी डलर १०,००० (अमेरिकी डलर दशहजार) सम्म ड्राफ्ट/टि.टि.को माध्यमबाट मात्र गर्नुपर्नेछ । अमेरिकी डलर १०,००० भन्दा माथिको भुक्तानी तथा नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा सो भन्दा कम रकममा समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ ।** |
| ३२. | ०७/२०७४ को दफा (९) खण्ड (ख) को ४ मा संशोधन | बैंक/वित्तीय संस्थाहरूले प्रयोग गर्ने सञ्चार सेवाको भुक्तानी (Reuters, Bridge-News, Swift मात्र) | बैंक/वित्तीय संस्थाहरूले प्रयोग गर्ने सञ्चार सेवाको भुक्तानी (Reuters, Bridge-News, Swift, ATM **को** license **शुल्क, कार्ड** personalization मात्र) |
| ३३. | ०७/२०७४ को दफा (१२) खण्ड (क) को पहिलो वाक्यलाई स्पष्ट पारिएको । | नेपाली नागरिकहरुलाई विदेश भ्रमणका लागि प्रति व्यक्ति अमेरिकी डलर १,०००।- सम्म देहायका आधारमा भुक्तानी पठाउन सकिने छ । | नेपाली नागरिकहरुलाई विदेश भ्रमणका लागि प्रति व्यक्ति अमेरिकी डलर १,०००।- सम्म **राहदानी सुविधावापत प्राप्त हुने विदेशी मुद्राको सीमा अन्तरगत रही** देहायका आधारमा भुक्तानी पठाउन सकिने छ । |
| ३४. | ०७/२०७४ को दफा (१२) खण्ड (ख) को बुँदा नं. ४ लाई स्पष्ट पारिएको । | **तिब्बत** भ्रमणमा जाने भारतीय नागरिकको राहदानी तथा भिसाको प्रतिलिपि संग्लन हुनुपर्ने छ । | भ्रमणमा जाने भारतीय नागरिकको राहदानी तथा भिसाको प्रतिलिपि संग्लन हुनुपर्ने छ । |
| ३५. | ०९/२०७४ को दफा (१) खण्ड (घ) मा थप | यसरी Supporting Documents ले अध्ययन गर्न जाने वा अध्ययनरत पुष्टि हुने देखिए पछि मात्र विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाको नाममा भुक्तानी हुने गरी त्यस्तो विदेशी मुद्रा रकम ड्राफ्ट/टि.टी./स्वीफ्ट ट्रान्सफरको माध्यमबाट मात्र सटही सुविधा उपलब्ध गराउनु पर्नेछ । | यसरी Supporting Documents ले अध्ययन गर्न जाने वा अध्ययनरत पुष्टि हुने देखिए पछि मात्र विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाको नाममा भुक्तानी हुने गरी त्यस्तो विदेशी मुद्रा रकम ड्राफ्ट/टि.टी./स्वीफ्ट ट्रान्सफरको माध्यमबाट मात्र सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।<br>तर **विमा शुल्क भुक्तानी गर्नुपर्ने भए विदेशस्थित विमा कम्पनीको** |

| | | | |
|---|---|---|---|
| | | | **नेपालमा दर्ता भएका एजेन्टमार्फत सम्बन्धित विमा कम्पनीको नाममा वा विदेशस्थित सम्बन्धित शैक्षिक संस्थाको नाममा भुक्तानी हुने गरी त्यस्तो विमा शुल्कवापतको विदेशी मुद्रा रकम ड्राफ्ट/टि.टी./स्वीफ्ट ट्रान्सफरको माध्यमबाट सटही सुविधा उपलब्ध गराउन सकिनेछ।** |
| ३६. | **०९/२०७४** को दफा (१) खण्ड (ङ) बुँदा नं. (उ) मा संशोधन तथा थप | डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यहरुलाई भिसा र विदेशमा अनिवार्य विमा गर्नुपर्ने भए शैक्षिक संस्था वा सरकारी निकायको कागजातको आधारमा भिसा र विमा शुल्क बापतको सटही सुविधा प्रदान गर्न सकिनेछ। | डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यहरुलाई भिसा र विदेशमा अनिवार्य विमा गर्नुपर्ने भए शैक्षिक संस्था वा सरकारी निकाय **र विमा कम्पनीको** कागजातको आधारमा भिसा र विमा शुल्क बापतको सटही सुविधा प्रदान गर्न सकिनेछ। **यसरी डिपेन्डेन्ट भिसामा जाने विद्यार्थीका परिवारका सदस्यहरुको एकल वा संयुक्त रुपमा गरिने विमा शुल्क वापतको रकम विदेशस्थित विमा कम्पनीका नेपालमा दर्ता भएका एजेन्टमार्फत सम्बन्धित विमा कम्पनीको नाममा भुक्तानी हुने गरी सटही सुविधा प्रदान गर्न सकिनेछ।** |
| ३७. | **०९/२०७४** को दफा (१) मा खण्ड (ञ) थप | नभएको। | **दोस्रो पटक देखि शिक्षण शुल्क तथा निर्वाह शूल्क वापतको रकम सटहीको लागि अनुरोध भइ आएमा प्रथम पटक सटही प्रदान गरेको बैंकमा रहेको नेपाल सरकार, शिक्षा मन्त्रालको No Objection Letter को सक्कल बैंक प्रतिमा रहेको अभिलेखको आधारमा देहोरो भुक्तानी नहुने गरी सोही बैंकबाट रकम पठाउन बाधा पर्ने छैन्।** |
| ३८. | **०९/२०७४** को दफा (३) मा खण्ड (घ) मा स्पष्ट पारिएको। | यसरी प्रदान गरेको सटही सुविधाको विवरण नेपाल राष्ट्र बैंक, शोधनान्तर महाशाखामा अनुसूची २ फा.नं.ने.शो २ (क) कोड नं.१२०५०० शिक्षा शीर्षकमा उल्लेख गरी अनिवार्यरूपले मासिक रूपमा पठाउनु पर्नेछ। | यसरी प्रदान गरेको सटही सुविधाको विवरण नेपाल राष्ट्र बैंक, **अनुसन्धान विभाग, शोधनान्तर शाखामा** अनुसूची २ फा.नं.ने.शो २ (क) कोड नं.१२०५०० शिक्षा शीर्षकमा उल्लेख गरी अनिवार्यरूपले मासिक रूपमा पठाउनु पर्नेछ। |
| ३९. | **१२/२०७४** को दफा (१) मा संशोधन | प्रचलित व्यवस्था बमोजिम विदेशी फर्म, कम्पनी वा संस्थासँग सेवा लिए बापत भुक्तानीका लागि अमेरिकी डलर १०,००० वा सो बराबर सम्मको परिवर्त्य विदेशी मुद्राको सटही सुविधा आवश्यक कागजातका आधारमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुनेछ। | प्रचलित व्यवस्था बमोजिम विदेशी फर्म, कम्पनी वा संस्थासँग सेवा लिए बापत भुक्तानीका लागि अमेरिकी डलर १०,००० वा सो बराबर सम्मको परिवर्त्य विदेशी मुद्राको सटही सुविधा **सम्बन्धित नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिस भएको आधारमा सटही रकम पुष्टि हुने कागजातहरु लिई** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध हुनेछ। **नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता स्वीकृत वा सिफारिस हुन नसकेको** |

| | | | |
|---|---|---|---|
| | | | **अवस्थामा सोभन्दा कम रकममा समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ।** |
| ४०. | **१८/२०७४** को दफा (२) मा खण्ड (क) को ८ संशोधन | विदेशस्थित आफ्नो एजेन्सी खातामा जम्मा भईसकेको तर सम्बन्धित लाभग्राही (Beneficiary) को खातामा जम्मा भइनसकेको वा भुक्तानी भइनसकेको विदेशी मुद्रा रकमहरू फिर्ता (Refund) को लागि सम्बन्धित बैंकबाट आधिकारिक अनुरोध भएमा एजेन्सी खातामा जम्मा भएको ७ दिनभित्र सम्म मात्र फिर्ता गर्न सकिनेछ। यसरी फिर्ता गरिएको विदेशी मुद्राको फेहरिस्त मासिक रूपमा महिना व्यतित भएको १५ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ। | विदेशस्थित आफ्नो एजेन्सी खातामा जम्मा भईसकेको तर सम्बन्धित लाभग्राही (Beneficiary) को खातामा जम्मा भइनसकेको वा भुक्तानी भइनसकेको विदेशी मुद्रा रकमहरू फिर्ता (Refund) को लागि सम्बन्धित बैंकबाट आधिकारिक अनुरोध भएमा एजेन्सी खातामा जम्मा भएको **२१** दिनभित्र सम्म मात्र फिर्ता गर्न सकिनेछ । यसरी फिर्ता गरिएको विदेशी मुद्राको फेहरिस्त मासिक रूपमा महिना व्यतित भएको १५ दिनभित्र यस विभागमा पठाउनु पर्नेछ । **तर यस्तो रकम अवैधानिक तथा अपराधिक प्रकृतिको भएमा फिर्ता पठाउन मिल्ने छैन।** |
| ४१. | **२०/२०७४** को दफा (२) खण्ड (ङ) लाई स्पष्ट पारिएको। | Forward कारोवारको खुद हिसाव मिलान (Net Settlement) गर्दा विदेशी विनिमय वर्हिगमन हुने अवस्थामा विद्यमान व्यवस्था बमोजिम यस बैंकको पूर्व स्वीकृति लिनु पर्ने। | Forward कारोवारको खुद हिसाव मिलान (Net Settlement) गर्दा विदेशी विनिमय वर्हिगमन हुने अवस्थामा विद्यमान व्यवस्था बमोजिम यस बैंकलाई **जानकारी** गराउनु पर्ने। |
| ४२. | **२३/२०७४** को दफा (१) खण्ड घ मा थप गर्ने | व्यवस्था नभएको | **बुँदा नं. (क) र (ख) बमोजिम विदेशी मुद्रा प्राप्त गर्ने बैंक तथा विदेशी मुद्रामा लगानी वा ऋण प्राप्त गर्ने फर्म/कम्पनी/संस्थाको खाता रहेको बैंक फरक परेमा विदेशी मुद्रा प्राप्त गर्ने बैंकले विदेशी लगानी वा ऋण प्राप्त गर्ने फर्म /कम्पनी/संस्थाको खाता रहेको बैंकमा जुन मुद्रामा विदेशी लगानी वा ऋण वापतको रकमा प्राप्त भएको हो सोही मुद्रामा नै रकमान्तर गर्नुपर्नेछ। यसरी रकमान्तर गर्दा विदेशी लगानी वा ऋण वापत प्राप्त भएको विदेशी मुद्रामा कुनै प्रकारको शुल्क/कमिसन वा फि वापत रकम कट्टा गरेको भएमा सो रकम समेत स्पष्ट रुपमा खुलाई रकमान्तर गर्नुपर्नेछ।** |
| ४३. | **२५/२०७४** को दफा (४) खण्ड (ख) को बुँदा नं. १ मा संशोधन | बैंकले विप्रेषण कार्यका लागि विदेश स्थित बैंक, कम्पनी वा संस्थासँग सम्झौता गरी यस बैंकलाई जानकारी दिनु पर्नेछ। | बैंकले विप्रेषण कार्यका लागि विदेश स्थित बैंक, कम्पनी वा संस्थासँगको सम्झौता गरी यस बैंकबाट **स्वीकृत** गराउनु पर्नेछ। |
| ४४. | **२५/२०७४** को दफा (४) खण्ड (ख) को बुँदा नं. ६ | विप्रेषण आप्रवाहका लागि विदेशी कम्पनीसंग गरिएको सम्झौताको नवीकरण हुँदा यस विभागलाई जानकारी गराउनु पर्नेछ र त्यस्तो सम्झौताका कुनै प्रावधान संशोधन तथा थप | **विप्रेषण आप्रवाहका लागि विदेशी कम्पनीसँग गरिएको सम्झौता नवीकरण, संशोधन तथा थप गर्नुपरेमा यस विभागको स्वीकृति लिनु पर्नेछ।** |

| | | | |
|---|---|---|---|
| | मा संशोधन | गर्नुपरेको अवस्थामा भने यस विभागको स्वीकृति लिनु पर्नेछ । | |
| **४५.** | **२७/२०७४** को दफा (१) खण्ड (घ) लाई परिमार्जन गरिएको । | सटहीकर्ताबाट नेपाली रुपैयाँमा भुक्तानी लिँदा सो रकम दरपिठ पश्चात पनि नेपाली रुपैयाँ बाँकी रहेमा सो मौज्दात प्रष्टसँग FEER मा खुलाईदिनु पर्नेछ । | सटहीकर्ताबाट नेपाली रुपैयाँमा भुक्तानी लिँदा सो रकम दरपिठ पश्चात पनि नेपाली रुपैयाँ बाँकी रहेमा सो मौज्दात प्रष्टसँग FEER मा खुलाईदिनु पर्नेछ **र सोको प्रतिलिपि सुरक्षित राख्नुपर्ने छ ।** |